सशस्त्र प्रहरी बल नेपाल

www.apf.gov.np

# SAMARPAN समर्पण

ए.पी.एफ. मासिक

बर्ष २ अङ्क ७ पृष्ठ ८ वैशाख २०८१

## विपद् व्यवस्थापन तयारी

# झापादेखि कञ्चनपुर, छाङरुदेखि ओलाङचुङगोलासम्म श्रोतसाधन र तालिम प्राप्त दक्ष जनशक्ति तैनाथ




**शैलेन्द्र थापा**

जुनसुकै वेला हुनसक्ने विपत्तिको सामना गर्न संगठनको पूर्व तयारी र तैनाथीसँगै देशभरी विपद् व्यवस्थापन बेसको संख्या मात्र नौ वटा पुगेको छ । जहाँ विपद्सँग जुध्न दक्ष जनशक्ति तैनाथ गरिएको छ ।

संगठनलाई प्राप्त म्याण्डेट अनुसार विपद् व्यवस्थापनको लागि पूर्वतयारीमा श्रोतसाधन र जनशक्तिको तैनाथीलाई सबै प्रदेशमा तत्काल परिचालन हुन सक्ने गरी तयारी हालतमा राखिएको छ । हाल संगठनमा विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्ति २ हजार ४ सय बढि पुगेको छ भने गोताखोर तालिम प्राप्त जनशक्ति ९२ र अग्नि नियन्त्रण तालिम प्राप्त जनशक्ति २ सय २० पुगेको छ। गोताखोरलाई आवश्यक उपकरणसहित सात वटै प्रदेशमा रहेका बाहिनी मुख्यालयहरु तथा उपत्यका स्थित नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय, नं. २० विपद् उद्धार गण सिनामंगल, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, रेस्क्यू टावर फेवाताल कास्की, रेस्क्यू टावर नारायणी नदी किनार चितवन र नौ वटा विपद् व्यवस्थापन बेस मुलघाट धनकुटा, निजगढ बारा, आदमघाट धादिङ, खुर्कोट सिन्धुली, कुलेखानी मकवानपुर, नारच्याङ म्याग्दी, ज्वालामाई दाङ, चिप्ले सुर्खेत, अमरगढी डडेलधुरामा तैनाथ गरिएको छ ।

यसैगरी विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्तिलाई सातै वटा प्रदेशस्थित बाहिनी मुख्यालयहरु, उपत्यकास्थित नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय, १० वटा शिक्षालयमा, सबै गणहरुमा एक/एक प्लाटुन र गुल्म र सो भन्दा साना युनिटहरुमा १ सेक्सनको दरले आवश्यक स्रोतसाधनसहित तैनाथ गरिएको छ । सीसीटिभी क्यामेरा जडित र टाढा रहेका विशेषज्ञ चिकित्सकहरुले समेत उपचारमा गाईड गर्न सक्ने आठ वटा विपद् सामूहिक उद्धार एम्बुलेन्स बागमती प्रदेशस्थित विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवन र नं. २० विपद् उद्धार गण काठमाडौं सिनामंगलमा तथा अन्य प्रदेशस्थित बाहिनी मुख्यालयहरुमा एक/एक वटा तैनाथ गरिएको छ ।

यसैगरी एम्बुलेन्समा भेन्टिलेटर अल्ट्रासाउण्ड उपकरण जडित तथा 'ए क्लास'का एम्बुलेन्समा हुने सबै खालका उपकरणहरु समेत जडान गरिएको, ६ वटा बेड तथा केहीलाई कुर्सीमा राखेर उपचार गर्न सकिने आठ वटा छुट्टै ए क्लास एम्बुलेन्स समेत विपद्को समयलाई लक्षित गरी सात वटै प्रदेशमा एक-एक वटा तथा काठमाडौं उपत्यकामा एक वटा तैनाथ गरिएको छ । यी साधनहरु नेपाल एपीएफ अस्पतालको समन्वयमा संचालन हुनेछन् ।

यसैगरी ३२ जिल्लाका ३५ वटा युनिटहरुमा १ सय ८ वटा मोटरबोट र ऱ्याफ्टबोट जुनसुकै बेला प्रयोग गर्न सकिने गरी तयारी हालतमा राखिएको छ । त्यस्तै विपद्को समयमा उद्धार कार्यमा सहजता ल्याउने १३ वटा हेभी इक्युपमेन्ट डोजर, लोडर र एक्जाभेटर प्रधान कार्यालय लगायत नं. १ बराह बाहिनी मुख्यालय सुनसरी, नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेत, नं. ७ बैधनाथ बाहिनी मुख्यालय कैलाली, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवन, नं. २० विपद् उद्धार उपत्यका गण सिनामंगल र नं. २४ कालिका गण कास्कीमा तयारी हालतमा राखिएका छन् ।

भूकम्प तथा बाढी पहिरोबाट घरबारविहीन भएका नागरिकहरुलाई अस्थायी वासको व्यवस्थापनको लागि प्रयोग हुने २८ वटा डिजस्टार रिलिफ सिस्टम (डिआरएस) कन्टेनर १३ जिल्लाका १५ वटा युनिटमा तयारी हालतमा राखिएको छ ।




## निरीक्षण भ्रमण



गृहसचिव एकनारायण अर्याल, प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र मुख्य अनुसन्धान निर्देशक हुतराज थापाले सूदुरपश्चिम प्रदेशस्थित दार्चुला, बझाङ र बाजुरामा रहेका युनिटहरुको निरीक्षण भ्रमण गर्नुभएको छ ।

साथै सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले वैशाख २५ गते आश्रित गुल्म बझाङको नवनिर्मित कार्यालय तथा जवान ब्यारेक भवनको उद्घाटन गर्नुकासाथै सकल दर्जाका राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई समसामयिक विषयमा निर्देशनसमेत दिनुभएको थियो ।



## कञ्चनपुरको झलारीमा चौथो स्कुल संचालन




सबै प्रदेशमा स्कुल विस्तार गर्ने योजना अनुसार कञ्चनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिका-५ झलारीमा चौथो स्कुल संचालन भएको छ । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सो स्कुलको वैशाख २४ गते उद्घाटन गर्नुभएको हो । शैक्षिकसत्र २०८१ देखि संचालन भएको नेपाल एपीएफ स्कुल झलारीमा हाल कक्षा ४ र ५ मा पठनपाठन शुरु भएको छ ।

यसअघि पहिलो स्कुलको रुपमा काठमाडौको कीर्तिपुर-४ बाजोबारीमा २०६२ चैत्र १७ गतेदेखि पूर्ण आवसीय सुबिधासहित नेपाल एपीएफ स्कुल संचालन भएको थियो । त्यसैगरी दोश्रो २०७७ वैशाख २ गतेबाट नेपाल एपीएफ स्कुल कोहलपुर र तेश्रो स्कुल २०७९ जेठ ९ गतेदेखि ठाकोदेवि जोगेन्द्र भगत नेपाल एपीएफ स्कुल सप्तरी संचालनमा ल्याइएको थियो । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले संगठन प्रमुखमा पदवहाली गर्नु भएसँगै सबै प्रदेशमा नेपाल एपीएफ स्कुल र नेपाल एपीएफ अस्पतालको विस्तार गर्ने योजना सार्वजनिक गर्नुभएको थियो । अब अन्य प्रदेशमा समेत स्कुल बिस्तार गर्दै लगिने संगठनको लक्ष्य रहेको छ । हाल सबै प्रदेशमा सशस्त्र प्रहरी बल नेपालको अस्पताल तथा फिल्ड अस्पताल संचालनमा छन् ।



## शान्ति स्थापनार्थ साउथ सुडान जाने ११औं डफ्फाको बिदाई




सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ युनाइटेड नेशन्स मिशन इन साउथ सुडानमा नेपाल फर्म्ड पुलिस युनिट (एफ.पी.यू) वान जुवामा कार्यरत १०औं डफ्फालाई बदली गर्न जान लागेको ११औं डफ्फाको वैशाख २१ गते प्रधान कार्यालयमा हार्दिक बिदाई गर्नुभयो ।

महानिरीक्षक अर्यालले विनाशलाई विकास र संघर्षलाई शान्तिमा बदल्ने ठुलो जिम्मेवारी बोकेर द्वन्दग्रस्त मुलुकमा सशस्त्र प्रहरी कर्मचारीहरुले अनुशासित एवं सामुहिक भावनाकासाथ राष्ट्र र संगठनको नाम उच्च रहने गरी उत्कृष्ट ढंगले जिम्मेवारी निर्वाह गर्नुपर्ने बताउनुभयो । संयुक्त राष्ट्रसंघीय मिशनमा रहँदा समग्र संगठन र राज्यले आर्जन गरेको छविलाई आँच आउन नदिने गरी बिभिन्न देशका सुरक्षाकर्मीहरुसँग समन्वय तथा सहकार्य गरी विश्व शान्ति स्थापनाको कार्यमा आफ्नो क्षमताको उच्चतम प्रयोग गर्दै उत्कृष्ट कार्यसम्पादनमा जुट्न उहाँले निर्देशन दिनुभयो । सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक रविनराज कर्णजितको कमाण्डमा कूल १ सय ८० जना सशस्त्र प्रहरी कर्मचारीहरु वैशाख २३ गते साँझ त्यसतर्फ प्रस्थान गरेका छन् ।

## नेपाली सेनाका अधिकृतहरूबाट प्रधान कार्यालयको अवलोकन भ्रमण



नेपाली सैनिक वार कलेज नगरकोटमा सञ्चालित सि.सं. १२ हायर कमाण्ड तथा म्यानेजमेन्टमा तालिमरत ३५ जना नेपाली सेनाका अधिकृतहरूले प्रधान कार्यालय हल्चोकको वैशाख १० गते अवलोकन भ्रमण गर्नुभएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले नेपाली सेनाका प्रशिक्षार्थी अधिकृतहरुसँगको अन्तरक्रियाका क्रममा देशमा शान्ति सुरक्षा कायम गर्न सशस्त्र प्रहरी बल नेपालले नेपाली सेनासँग आपसी समन्वय र सहकार्यकासाथ कार्यसम्पादन गर्दै आइरहेको बताउनुहुँदै यस प्रकारको समन्वय र अन्तरक्रियाले सुरक्षा संगठनहरुबीचको आपसी सहयोग र सहकार्य थप प्रभावकारी भई देश र जनताको सुरक्षामा थप प्रेरित भएर लाग्न हौसला मिल्ने उल्लेख गर्नुभयो । अवलोकन भ्रमण एवं अन्तरक्रिया कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकद्वय नारायणदत्त पौडेल र चन्द्रप्रकाश गौतमले प्रशिक्षार्थी अधिकृतहरूले सशस्त्र प्रहरी बल नेपालसम्बन्धी राखेका विविध जिज्ञासाहरूका बारेमा प्रष्ट पार्नुभएको थियो ।

## इन्डोनेसियन नेशनल पुलिस हेड अफ इन्टरनेशनल रिलेसन्स् डिभिजनका आईजीपी कृष्ण मुर्तीद्वारा प्रधान कार्यालयको भ्रमण



इन्डोनेसियन नेशनल पुलिस हेड अफ इन्टरनेशनल रिलेसन्स् डिभिजनका प्रमुख आईजीपी कृष्ण मुर्तीसहितको ६ सदस्यीय टोलीले वैशाख २० गते प्रधान कार्यालयको अवलोकन भ्रमण गर्नुभएको छ ।

सो अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रममा आईजीपी कृष्ण मुर्तीले इन्डोनेसियन नेशनल पुलिसको बारेमा जानकारी गराउनुहुँदै संयुक्त राष्ट्रसंघीय मिशन, तालिमलगायत अन्य विविध तालिमहरुमा समेत दुई देशबीच सुरक्षाकर्मीहरुको एक आपसमा सहभागिता बढाउँदै क्षमता अभिवृद्धि गराउनु पर्ने बताउनुभयो ।

## कष्टम एण्ड बोर्डर सेक्युरिटी तालिम



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान माताातीर्थमा वैशाख ९ गतेदेखि सि.सं. २ कष्टम एण्ड बोर्डर सेक्युरिटी (सिनियर अधिकृत) तालिम सञ्चालन भएको छ । सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले यस किसिमका तालिमले फौजलाई व्यावसायिक बनाउनको लागि मात्र नभई संगठन र राज्यको हितमा समेत अझ बढी प्रभावकारिता हुने बताउनुहुँदै सीमामा परिचालन हुँदा प्रभावकारी नतिजाका लागि सीमावासीसँग समन्वय र सहकार्य जरुरी रहेको बताउनुभयो ।

## निशान, कोत तथा मौलो पूजा



चैत्राष्टमीको अवसरमा वैशाख ४ गते नं. १९ बगलामुखी विशेष कार्यदल गणंमा निशान, कोत तथा मौलो पूजा सम्पन्न भएको छ । सो अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बल नेपालको निशानमा पञ्जाछाप लगाउनुभएको थियो ।

## सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट दर्ज्यानी चिन्ह प्रदान



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रधान कार्यालयमा वैशाख ३ गते सशस्त्र प्रहरी नायव महानिरीक्षक पदमा पदोन्नत्ति हुनुभएका दिपक अधिकारीलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ ।

महानिरीक्षक अर्यालले बढुवासँगै थप भएको पदीय जिम्मेवारीलाई कार्यक्षेत्रमा पूर्ण व्यावसायिक र इमान्दारिताकासाथ आगामी दिनहरुमा समेत अझ बढी सक्रिय भई लाग्न निर्देशन दिनुभयो ।

## FPU Command Staff Course Training of Trainers



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा वैशाख ७ गते राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान माताातीर्थमा सञ्चालित Formed Police Unit (FPU) Command Staff Course (CSC) Training of Trainers (TOT) तालिम समापन भएको छ । तालिम संयुक्त राष्ट्रसंघ International Police Peacekeeping Operations Support (IPPOS) Program at the Department of States Bureau of International Narcotics and Law Enforcement Affairs (INL) र सशस्त्र प्रहरी बल नेपालको संयुक्त आयोजनामा गत चैत १९ गतेदेखि सञ्चालन भएको थियो । तालिममा क्यामरुन, घाना, जोर्डन, नेपाल, श्रीलंका र रुवान्डाका गरी कुल १९ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।



**सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट ICC Men's T20 Cricket World Cup प्रतियोगितामा सहभागी हुने सशस्त्र प्रहरी बल नेपालका क्रिकेट टिमका खेलाडीहरुलाई शुभकामना तथा बिदाई ।**




**नेपाल एपीएफ स्कुल कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको शुभकामना तथा बिदाई कार्यक्रम ।**

# उद्धार/विविध

## नुहाउने क्रममा नदीमा डुबेर बेपत्ता भएकाको शव फेला

डोटी जिल्लाको शिखर नगरपालिका-८ लुवाखडीस्थित सेती नदीमा नुहाउने क्रममा चैत १७ गते डुबेर बेपत्ता भएका कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका-३ बस्ने ३८ वर्षीय नरबहादुर तामाङको शव वैशाख १९ गते फेला परेको छ । नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय धनगढीबाट खटिएको गोताखोर टोलीले उनको शव नदीको २० फिट गहिराईबाट निकालेको हो ।



## सेती नदीको १ सय ५० मिटर गहिराईबाट गोताखोरले निकाल्यो युवकको शव

वैशाख १ गतेबाट हराइरहेका एक युवकको शव गोताखोरले सेती नदीको १ सय ५० मिटर गहिराईमा ढुंगामा अड्किएको अवस्थामा वैशाख ३ गते निकालेको छ । कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका- १ करुवा बस्ने २५ बर्षका युवक हराएकोमा नं. २४ कालिका गणको गोताखोरसहितको सुरक्षा फौजले वैशाख ३ गते उनको शव निकालेको हो ।



यसैगरी पोखरा महानगरपालिका- १८ खपौदीस्थित हर्पन खोलामा पौडी खेल्ने क्रममा बेपत्ता भएका सोही महानगरपालिका- ५ मालेपाटन बस्ने अन्दाजी वर्ष १४/१५ को सोनम सुवेदीको शव गोताखोरले निकालेको छ । सुवेदी बेपत्ता भएपछि उनीसँगै पौडी खेल्न गएका अर्का बालकले स्थानीय मार्फत सशस्त्र प्रहरीलाई जानकारी गराएपछि नं. २४ कालिका गण कास्कीबाट परिचालन भएको विपद् उद्धार एवं गोताखोर टोलीले हर्पन खोलाबाट वैशाख २३ गते बालकको शव निकालेको हो ।

## नुहाउने क्रममा बेपत्ता भएकाको शव गोताखोरले निकाल्यो



रुकुम पश्चिम जिल्लाको चौरजहारी नगरपालिका-३ स्थित भेरी नदीमा नुहाउने क्रममा चैत ३० गते डुबेर बेपत्ता भएका जाजरकोट जिल्लाको शिवालय गाउँपालिका-३ बस्ने २४ वर्षीय कमल बुढाको शव गोताखोरले वैशाख २ गते फेला पारेको छ । नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतबाट ४ जना गोताखोरसहित आश्रित गुल्म जाजरकोटबाट खटिएको १३ जनाको सुरक्षा फौजले उनको शव फेला पारेको हो ।

## सुनसरीको महाकुम्भ मेलामा बेहोस भई ढलेका ४ जनाको उद्धार




सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका-१ स्थित पिण्डेश्वर पूर्ण महाकुम्भ मेला परिसरमा अत्याधिक गर्मीका कारणले बेहोस भएकाहरुको सशस्त्र प्रहरी बलद्वारा सञ्चालित अस्थायी स्वास्थ्य शिविरमा प्राथमिक उपचारको लागि लगिदै । गत चैत २७ बाट यही वैशाख २८ गतेसम्म सञ्चालन भएको महाकुम्भ मेलामा सशस्त्र प्रहरी बलले मेला अवधिभर निःशुल्क स्वास्थ्य शिविरसहित विपद् उद्धार टिमसमेत परिचालन गरेको थियो ।

## आगलागी नियन्त्रण



सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिका-५ पडेमरामा भएको आगलागी नियन्त्रण गर्दै दन्तकाली विशेष कार्य तालिम शिक्षालय सप्तरी र सुरक्षा बेश भारदहको सुरक्षा फौज ।



गुल्मी जिल्लाको इस्मा गाउँपालिका-२ रानी सामुदायिक वनमा लागेको आगो गाउँबस्तीमा सल्किन गई भएको आगलागी नियन्त्रण गर्दै नं. ३७ गुल्म गुल्मीको सुरक्षा फौज ।



बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका-८ बालापुरमा भएको आगलागी नियन्त्रण गर्दै नं. ३० बागेश्वरी गण बाँकेको सुरक्षा फौज ।



कास्की जिल्लाको पोखरा महानगरपालिका-२३ स्थित हर्पन सामुदायिक वनमा भएको आगलागी नियन्त्रण गर्दै नं. २४ कालिका गण कास्कीको फौज ।



मोरङ जिल्लाको जहदा गाउँपालिका-१ कुडरीयास्थित भएको आगलागी नियन्त्रण गर्दै बीओपी मधुमल्ला मोरङको सुरक्षा फौज ।




काठमाडौंको शंखमुलमा भएको आगलागी नियन्त्रण गर्दै नं. २० विपद् उद्धार गण काठमाडौंको सुरक्षा फौज ।

# स्थापना दिवस

## बडिमालिका जवान तालिम शिक्षालय वनबेहडा, कैलाली



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा वैशाख २४ गते बडिमालिका जवान तालिम शिक्षालय बनबेहडा कैलालीको २३औं वार्षिकोत्सव सम्पन्न भएको छ । कार्यक्रममा महानिरीक्षक अर्यालले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएको विभिन्न खेलकुद प्रतियोगिताका विजयी टिम तथा खेलाडी, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु र शिक्षालयलाई सहयोग पुऱ्याउनुहुने संघसंस्था तथा महानुभावहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

उहाँले कुनै पनि युनिट विशेषको स्थापना दिवसमा सञ्चालन गरिने विभिन्न क्रियाकलापहरुले राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुमा उत्सव र हौसला मात्र नभई आफ्नो युनिटप्रतिको सामिप्यता बढाउनुका साथै युनिटप्रति इमान्दार, कर्तव्यनिष्ठ तथा आफू कार्यरत इकाईको सफलता र असफलतामा जवाफदेही भावनाको समेत वृद्धि हुने बताउनुभयो । महानिरीक्षक अर्यालले सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुले देश, जनता र सीमा इलाकाको सुरक्षाको साथै राजश्व चुहावट तथा सीमा अपराध नियन्त्रण र चोरीपैठारी निकासी नियन्त्रणमा समेत निर्मम ढंगले लाग्न निर्देशन दिनुभयो ।

## नं. ४१ रिजर्भ गण कपिलबस्तु

नं. ४१ रिजर्भ गण चन्द्रौटा कपिलवस्तुको १४औं स्थापना दिवस नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अभिकुमार खत्रीको प्रमुख आतिथ्यमा विविध कार्यक्रम गरी वैशाख १ गते सम्पन्न भएको छ ।



## नं. ४९ खप्तड गुल्म अछाम



नं. ४९ गुल्म खप्तड अछामको १४औं स्थापना दिवस नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया कैलालीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेको प्रमुख आतिथ्यमा वैशाख १५ गते सम्पन्न भएको छ ।

## नं. ९ गण महोत्तरी

नं. ९ गण महोत्तरीको १७औं स्थापना दिवस नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहको प्रमुख आतिथ्यमा वैशाख १७ गते सम्पन्न भएको छ ।




## नं. १० गण सर्लाही



नं. १० गण सर्लाहीको १७औं स्थापना दिवस नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहको प्रमुख आतिथ्यमा वैशाख १९ गते विविध कार्यक्रम गरी सम्पन्न भएको छ ।

## विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, चितवन

विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारको २०औं स्थापना दिवस सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलको प्रमुख आतिथ्यमा वैशाख २ गते विविध कार्यक्रम गरी सम्पन्न भएको छ । कार्यक्रममा उहाँले शिक्षालयको स्थापनाको छोटो अवधिमा नै आफ्नो दक्षता एवं कौशलपूर्ण सेवा प्रवाहले समग्र सशस्त्र प्रहरी बल संगठनलाई नै नेपाली जनताहरुको माझ विपद्को समयमा एउटा भरपर्दो सुरक्षा निकायको रुपमा स्थापित गराउन शिक्षालयले खेलेको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभयो ।




अतिरिक्त महानिरीक्षक पौडेलले विपद्सम्बन्धी तालिमहरु सञ्चालनका अलावा देशमा घटेका विपद्जन्य घटनाहरुमा परिचालित भई सफल रुपमा उद्धार कार्यहरु सम्पादन गरी विपद् उद्धार कार्यहरुमा प्रदर्शन गरेको कार्य कौशलता एवं दक्षताको उच्च कदर गर्दै आफ्ना काम कारवाहीहरुलाई अझ उत्कृष्ट ढंगबाट सम्पादन गर्न गराउन सदा मानसिक र शारीरिक रुपमा तत्पर रहिरहन समेत निर्देशन दिनुभयो ।

## यूएन शान्ति स्थापना तालिम शिक्षालय ककनी, नुवाकोट



यूएन शान्ति स्थापना तालिम शिक्षालय ककनी नुवाकोटको २३औं स्थापना दिवस सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमको प्रमुख आतिथ्यमा वैशाख १ गते विविध कार्यक्रमकासाथ सम्पन्न भएको छ ।

## नं. १४ गण मकवानपुर

नं. १४ गण मकवानपुरको १४औं स्थापना दिवस नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेशबहादुर ठाडा मगरको प्रमुख आतिथ्यमा वैशाख २६ गते विभिन्न कार्यक्रम गरी मनाइएको छ ।



## नं. १५ गण काभ्रे



नं. १५ गण काभ्रे २२ औं स्थापना दिवस नं. ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेशबहादुर ठाडा मगरको प्रमुख आतिथ्यमा वैशाख २४ गते विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

## नं. ११ गण रौतहट

नं. ११ गण रौतहटको १७औं स्थापना दिवस वैशाख १४ गते नं. २ बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहको प्रमुख आतिथ्यमा विविध कार्यक्रम गरी सम्पन्न भएको छ ।



## स्थापना दिवस

### नं. २२ गुहेश्वरी गण भक्तपुर

सशस्त्र प्रहरी बल नेपाल नं. २२ गुहेश्वरी गण भक्तपुरको २३ औं वार्षिकोत्सव कार्यक्रम सशस्त्र प्रहरी नायव महानिरीक्षक पुरुषोत्तम थापाको प्रमुख आतिथ्यमा वैशाख २४ गते सम्पन्न भएको छ ।



### नं. ८ गण धनुषा



नं. ८ गण धनुषाको १७औं स्थापना दिवस वैशाख १० गते नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

### नं. १२ गण बारा

नं. १२ गण बाराको १७औं स्थापना दिवस नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेलको प्रमुख आतिथ्यमा वैशाख १० गते सम्पन्न भएको छ ।



### नं. १३ गण पर्सा



नं. १३ गण पर्साको १७औं स्थापना दिवस नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीका सहायक बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेलको प्रमुख आतिथ्यमा वैशाख ७ गते सम्पन्न भएको छ ।

## रक्तदान तथा नि:शुल्क स्वास्थ्य शिविर

सशस्त्र प्रहरी परिवार महिला संघको सहकार्य र नेपाल एपीएफ अस्पतालको सहयोगमा एन.आर. कलेजका पूर्व विद्यार्थी समाजले काठमाडौंको तारकेश्वर नगरपालिका-११ स्थित नेपालटारमा बैशाख १७ गते एक दिने रक्तदान तथा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा सञ्चालन गरिएको कार्यक्रममा सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्याललगायत संघका पदाधिकारी, स्थानीय भद्रभलाद्मी, एन.आर. कलेजका शिक्षक तथा पूर्व विद्यार्थी र स्थानीय वासिन्दाहरुको उपस्थिति रहेको थियो । शिविरमा महिला, बालबालिका र वृद्धवृद्धा गरी कुल २ सय ६४ जना सेवाग्राहीहरुको स्वास्थ्य परीक्षण गर्नुकासाथै ४१ जनाले रक्तदान गरेका थिए ।



## महोत्तरी र सर्लाहीका आगलागी पीडितहरुलाई राहत वितरण



वैशाख १२ गते महोत्तरी जिल्ला मटिहानी नगरपालिका-६ जरलहवा गाउँ बस्तीमा आगलागीबाट प्रभावित भएका स्थानीयहरुलाई सशस्त्र प्रहरी परिवार महिला संघले राहत वितरण गरेको छ । वैशाख १५ गते संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालबाट आगलागीपीडितहरुलाई राहत सामाग्री वितरण तथा सामूहिक खानाको कार्यक्रम गरिएको हो । १ सय ३ घरधुरी आगलागी पीडितहरुलाई खाद्यान्न तथा दैनिक उपभोग्य सामान भाडाकुँडा वितरण गरिएको थियो ।

यसैगरी सर्लाही जिल्लाको विष्णु गाउँपालिका-१ स्थित बारा उद्योरण बस्तीका आगलागी पीडितहरुलाई वैशाख २२ गते नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीले राहत वितरण गरेको छ । बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपेन्द्र शाहले आगलागीबाट पीडित ५० घर परिवारलाई राहत स्वरुप लत्ताकपडा, भाँडावर्तनलगायतका सामान वितरण गर्नुभएको थियो ।



## स.प्र.बल, नेपाल इकाई परिचय

# बडिमालिका जवान तालिम शिक्षालय बनबेहडा, कैलाली

नेपाल सरकार र सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयले तोकेबमोजिम विशिष्टिकृत तालिम सञ्चालन गरी दक्ष कर्मचारी उत्पादन गर्ने लक्ष्य र उद्देश्य पूरा गर्नका लागि वार्षिक तालिम क्यालेण्डरअनुसार

शिक्षालय लोगो

'सशस्त्र प्रहरी जवान आधारभूत तालिम' का साथसाथै अन्य उन्नत तालिमहरु सञ्चालन गरी राज्य र संगठनको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले यो शिक्षालय स्थापना भएको हो ।

तत्कालीन सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चल, कैलाली जिल्लास्थित गौरीगंगा नगरपालिका-६ बनबेहडामा बाजुरा जिल्लामा अवस्थित सुदूर पश्चिमकै प्रख्यात बडिमालिका माताको नामबाट २०५८ साल वैशाख २४ गते बडिमालिका गण स्थापना भएकोमा नेपाल सरकारको २०७५ जेठ २७ गतेको निर्णयले तत्कालीन गण समायोजन भई २०७५ माघ २० गतेदेखि प्रस्तावित बडिमालिका जवान तालिम शिक्षालयको रुपमा स्थापना भई कार्य सञ्चालन गर्दै आइरहेको थियो । नेपाल सरकार (मन्त्रिपरिषद) को २०७७ असार २९ गते को निर्णयानुसार सशस्त्र प्रहरी बल नेपालको संगठन तथा ब्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७७ स्वीकृत



भई कार्यालय दरबन्दी संरचना र पद दर्ता भई मजकुर गृह-मन्त्रालय (सचिवस्तर)को २०७७ साउन ७ गते को निर्णयानुसार श्री गृहमन्त्रालय प्रहरी प्रशासन शाखा सिंहदरबारको २०७७ साउन ७ गतेको पत्रले सञ्चालन स्वीकृती प्राप्त भएकोमा पुन: नेपाल सरकार मन्त्रिपरिषद्को २०८० साउन ३ गतेको निर्णयानुसार 'सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८०' स्वीकृत भएअनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०८० साउन ८ गतेको पत्रद्वारा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक समादेशक रहने गरी कार्यालय, दरबन्दी संरचना र पद दर्ता भई कार्य सञ्चालन भइरहेको छ । शिक्षालयको आदर्श वाक्य 'ज्ञान शौर्य समर्पण' (Knowledge Bravery Dedication) हो । शिक्षालय र नं. ४३ रिजर्भ गण बनबेहडा, कैलाली एउटै पेरीमिटरभित्र संयुक्त रुपमा अवस्थित रहेको छ भने यसले ५२ हेक्टर क्षेत्रफलमा आयाताकार रुपमा फैलिई समुद्री सतहबाट अन्दाजी १०९ मिटर उचाईमा, रहेको छ । शिक्षालयले स्थापनाकालदेखि



**सप्रबउ नीरकृष्ण अधिकारी**
**समादेशक**

जवान आधारभूत तालिम, एम.आर., जि.पि.एस. तथा जि.आई.एस. तालिम, से.मु.पति, पत्तिपति, से.मु.हतियार, बिल्लादार तालिम, प्रशासनिक व्यवस्थापन तालिम, हुल तथा दंगा व्यवस्थापन तालिम, कष्टमम एण्ड बोर्डर सेक्युरिटी तालिम, पि.टी. तालिम, ड्रिल, ड्रिल प्रशिक्षक तालिम र संगठनले तोकेबमोजिम अन्य उन्नत तालिमहरु समेत सञ्चालन गर्दै आइरहेको छ ।

शिक्षालय स्थापनाकालदेखि हालसम्म ६ वटा जवान आधारभूत तालिम सञ्चालन गरी ५ सय ९९ जना र ३६ वटा विभिन्न पेशागत उन्नत तालिम सञ्चालन गरी १ हजार ३ सय ९७ जना गरी कुल १ हजार ९ सय ९६ जनालाई दीक्षित गरेको छ । शिक्षालयले आवश्यकताअनुसार चालु आ.व.मा समेत सशस्त्र प्रहरी जवान आधारभूत तालिम सञ्चालन गर्ने लक्ष्य लिएको छ ।

### हालसम्मका समादेशकहरु

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | सप्रउ | समरबहादुर श्रेष्ठ | २०७६/०४/१९ | २०७६/११/२२ |
| २. | सप्रउ | वीरेन्द्रबहादुर ऐर | २०७६/११/२२ | २०७७/०४/१५ |
| ३. | सप्रनाउ | प्रदीपसिंह कार्की | २०७७/०४/१५ | २०७७/१०/१२ |
| ४. | सप्रउ | प्रदीपसिंह कार्की | २०७७/१०/१२ | २०७८/०९/२८ |
| ५. | सप्रउ | वीरेन्द्रबहादुर ऐर | २०७८/१०/०३ | २०७९/१०/१६ |
| ६. | सप्रउ | दलबहादुर पाण्डे | २०७९/१०/१६ | २०८०/०५/१३ |
| ७. | सप्रबउ | नीरकृष्ण अधिकारी | २०८०/०५/१३ | हालसम्म |

# पक्राउ / बरामद

## नं. १ श्रीअन्तु गण इलाम

**काठसहित व्यक्ति नियन्त्रणमा**

माई नगरपालिका-४ स्थित शुक्रबारेबाट वैशाख ४ गते २१ हजार रुपैयाँबराबरको काठसहित एक जनालाई नियन्त्रणमा लिइएको छ ।

बिहीबारेबाट बिर्तामोडतर्फ जाँदै गरेको यात्रुबाहक बसलाई सुरक्षा बेश दानाबारीले जाँच गर्दा बसको डिकीमा अबैध रुपमा लुकाइ छिपाइ ल्याएको १८.०३ क्युफिट सखुवा जातको चिरान काठसहित सोही नगरपालिका ७ बस्ने ३२ वर्षीय पुरुषलाई नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका उनलाई बरामद काठसहित आवश्यक कारवाहीका लागि सव डिभिजन वन कार्यालय सुखानीमा बुझाइएको छ ।

**नं. १ श्रीअन्तु गण इलाम र मातहत युनिटहरुले वैशाख महिनामा २४ लाख ७३ हजार ९० रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. २ गण झापा

**३८ लाखभन्दा बढी मूल्यको लत्ताकपडा बरामद**

मेचीनगर नगरपालिका-७ गौरीगाउँ र सालघारीस्थित मकैबारीबाट वैशाख १८ गते करीब ३८ लाख ३७ हजार रुपैयाँबराबरको चोरीपैठारीको लत्ताकपडा बरामद भएको छ ।

भारतबाट अबैध रुपले नेपालतर्फ ल्याउँदै गरेको लत्ताकपडा प्रस्तावित सीमा सुरक्षा गुल्म काँकडभिट्टाले बरामद गरेको हो । बरामद लत्ताकपडा मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाइएको छ ।

**नं. २ गण झापा र मातहत युनिटहरुले वैशाख महिनामा १ करोड १४ लाख ९२ हजार ८ सय ८७ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ३ कंकालिनीमाई गण मोरङ

**काठसहित ट्याक्टर नियन्त्रणमा**

रतुवामाई नगरपालिका-६ सौंठा चोकबाट वैशाख १७ गते करीब १ लाख ५० हजार रुपैयाँबराबरको काठसहित ट्याक्टर नियन्त्रणमा लिइएको छ ।

को २ त ९०६७ नम्बरको टयाक्टरमा राखेर दरपिठ नगरी उर्लाबारीबाट आमबारीतर्फ लैजाँदै गरेको १ सय १० क्युफिट टिक र कदमको काठ सुरक्षा बेश सौंठाले नियन्त्रणमा लिएको हो । बरामद काठ तथ ट्याक्टर सव डिभिजन वन कार्यालय मंगलबारे मोरङमा बुझाइएको छ ।

**नं. ३ कंकालिनीमाई गण मोरङ र मातहत युनिटहरुले वैशाख महिनामा ७५ लाख ५४ हजार २ सय २९ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ४ गण सुनसरी

**लागुऔषध र रुपैयाँसहित व्यक्ति नियन्त्रणमा**

बराहक्षेत्र नगरपालिका-१ स्थित सप्तकोशी पुलबाट वैशाख १६ गते लागुऔषध सहित २ जनालाई नियन्त्रणमा लिइएको छ ।

को ३२ प ७६२१ नम्बरको मोटरसाइकलमा चतराबाट उदयपुरतर्फ जाँदै गरेका उदयपुर जिल्लाको बेलका नगरपालिका-५ बस्ने २८ वर्षीय र चौदण्डीगढी नगरपालिका-३ बस्ने ३५ वर्षीय युवकलाई सुरक्षा बेश चतराले Decalic २० वटा, Tramanil २० वटा र सुल्फा १ थानसहित नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका उनीहरुलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा बुझाइएको छ ।

यसैगरी कोशी गाउँपालिका-८ स्थित चारकुने नाकाबाट वैशाख २ गते १ लाख ४० हजार भारतीय रुपैयाँसहित एक जनालाई नियन्त्रणमा लिइएको छ । प्रस्तावित सीमा सुरक्षा गुल्म हरिपुरले भारत घर बताउने ती व्यक्तिको साथमा ५ सय दरको २ सय ६० वटा र २ सय दरको ५० वटा नोट फेला पारेको हो ।

**नं. ४ गण सुनसरी र मातहत युनिटहरुले वैशाख महिनामा ६४ लाख ४८ हजार ८ सय २३ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ६ गण सप्तरी

**किराना सामानसहित मोटरसाइकल नियन्त्रणमा**

राजगढ गाउँपालिका-३ झौहरा इलाकाबाट वैशाख १ गते करीब २ लाख रुपैयाँबराबरको किराना सामानसहित मोटरसाइकल नियन्त्रणमा लिइएको छ ।

को १५ प ८१३२ नम्बरको मोटरसाइकलमा राखेर भारतबाट अबैध रुपले नेपालतर्फ ल्याउँदै गरेको सामान प्रस्तावित सीमा सुरक्षा गुल्म पातोले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको सामान र मोटरसाइकल राजविराज भन्सार कार्यालय तिलाठीमा बुझाइएको छ ।

**नं. ६ गण सप्तरी र मातहत युनिटहरुले वैशाख महिनामा १५ लाख १३ हजार ३ सय ९८ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ७ गण सिरहा

**लागूऔषधसहित व्यक्ति नियन्त्रणमा**

भगवानपुर गाउँपालिका-४ ठाडीस्थित लहान ठाडी सडकखण्ड इलाकाबाट वैशाख ७ गते विभिन्न किसिमका लागूऔषधसहित दुई जनालाई नियन्त्रणमा लिइएको छ । उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-१२ सरगमाथा टोल बस्ने २० वर्षीय र सोही नगरपालिका १३ शान्तिरामनगर टोल बस्ने १७ वर्षीय पुरुषलाई प्रस्तावित सीमा सुरक्षा गुल्म इनर्वाले नियन्त्रणमा लिएको हो ।

भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरुलाई गस्तीमा खटिएको सुरक्षा फौजले जाँच गर्दा उनीहरुको साथमा एसेटा माइनोफेन क्याप्सुल ९ वटा, डाइजेपाम २ वटा, बुप्रेनोफ्रिन इन्जेक्सन २ वटा र प्रोमेथाजिन हाइड्रोक्लोराइड २ वटा फेला पारेको हो । नियन्त्रणमा लिइएका दुवै जनालाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ ।

**नं. ७ गण सिरहा र मातहत युनिटहरुले वैशाख महिनामा ६२ लाख ६६ हजार ७ सय ५६ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ८ गण धनुषा

**मोबाइलसहित मोटरसाइकल नियन्त्रणमा**

मुखियापट्टी मुसहरनिया गाउँपालिका-६ स्थित मरघटिया इलाकाबाट वैशाख ५ गते ६ लाख ३५ हजार रुपैयाँ बराबरको ३२ थान मोबाइल सेटसहित एउटा मोटरसाइकल नियन्त्रणमा लिइएको छ ।

बी.आर. ०६ ए.डब्लु. ७९१९ नम्बरको मोटरसाइकलमा राखेर भारतबाट अबैध रुपले नेपालतर्फ ल्याउँदै गरेको एनरोईड मोबाइल सेट बीओपी फुलगामाले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको मोबाइल सेट तथा मोटरसाइकल जनकपुर भन्सार कार्यालयमा बुझाइएको छ ।

**नं. ८ गण धनुषा र मातहत युनिटहरुले वैशाख महिनामा ५१ लाख २८ हजार ३ सय १५ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. १० गण सर्लाही

**सामान बरामद**

सर्लाही जिल्लाको विभिन्न स्थानहरुबाट वैशाख १ गते करीब ९ लाख ३५ हजार रुपैयाँबराबरको विभिन्न किसिमका सामान बरामद भएको छ । भारतबाट अबैध रुपले ल्याउँदै गरेको सामान नं. १० गण सर्लाही तथा मातहत कार्यालयहरुले बरामद गरेको हो । बरामद सामान स्थानीय भन्सार कार्यालय सर्लाहीमा बुझाइएको छ ।

**नं. १० गण सर्लाही र मातहत युनिटहरुले वैशाख महिनामा ३३ लाख ८३ हजार १ सय ७७ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ११ गण रौतहट

**सामानसहित मोटरसाइकल नियन्त्रणमा**

रौतहट जिल्लाको विभिन्न स्थानबाट वैशाख २० गते करीब १० लाख ३३ हजार लाख रुपैयाँबराबरको चोरीपैठारीको सामानसहित मोटरसाइकल र साइकल नियन्त्रणमा लिइएको छ ।

भारतबाट अबैध रुपले ४ वटा मोटरसाइकल र ६ वटा साइकलमा राखेर नेपालतर्फ ल्याउँदै गरेको लत्ताकपडा, किराना सामान र मदिरा नं. ११ गण रौतहट तथा मातहत कार्यालयले नियन्त्रणमा लिएको हो । बरामद सामान तथा मोटरसाइकल, साइकल आवश्यक कारवाहीको लागि गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको छ । बरामद मोटरसाइकल तथा साइकलको भन्सार दाखिला मूल्य ५ लाख रुपैयाँ रहेको छ ।

**नं. ११ गण रौतहट र मातहत युनिटहरुले वैशाख महिनामा ४४ लाख ३३ हजार २ सय २२ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. १२ गण बारा

**गाँजासहित व्यक्ति नियन्त्रणमा**

सिम्रौनगढ नगरपालिका-१ स्थित नानसांग्राघाटबाट एक घरबाट वैशाख १७ गते करीब ३ केजी गाँजासहित एक जनालाई नियन्त्रणमा लिइएको छ ।

विशेष सूचनाको आधारमा खटिएको प्रस्तावित सीमा सुरक्षा गुल्म पिपरपातीले सोही ठाउँ बस्ने ५५ वर्षीय पुरुषको घरमा गहुँको भुसमा लुकाइछिपाइ राखको गाँजासहित उनलाई नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका उनलाई बरामद गाँजासहित आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ ।

**नं. १२ गण बारा र मातहत युनिटहरुले वैशाख महिनामा २५ लाख २२ हजार ३ सय ४० रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. १३ गण पर्सा

**चोरीपैठारीको सामानसहित कार नियन्त्रणमा**

वीरगञ्ज महानगरपालिका-१६ भन्सार इलाकाबाट वैशाख १६ गते करीब ४ लाख ९७ हजार रुपैयाँबराबरको चोरीपैठारीको इलेक्ट्रोनिक्स सामान बरामद भएको छ । भारतबाट अबैध रुपले ल्याउँदै गरेको उल्लेखित मूल्यको मोबाइलको डिस्प्ले, चार्जर र डाटा केवल प्रस्तावित सीमा सुरक्षा गुल्म पर्साले बरामद गरेको हो ।

यसैगरी सोही स्थानबाट वैशाख १६ गते भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ०५ एक्स ३४७९ नम्बरको मारुती सुजुकी कारमा फल्स बटम बनाई ल्याउँदै गरेको करीब १ लाख ४ हजार रुपैयाँबराबरको मोटर पार्ट्स प्रस्तावित सीमा सुरक्षा गुल्म पर्साले नियन्त्रणमा लिएको छ । बरामद सामान तथा कार वीरगञ्ज भन्सार कार्यालय बुझाइएको छ । गाडीको भन्सार दाखिला मूल्य १५ लाख रुपैयाँ रहेको छ ।

**नं. १३ गण पर्सा र मातहत युनिटहरुले वैशाख महिनामा २ करोड ५३ लाख ७७ हजार ५ सय ८४ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## धादिङ

**ट्रकसहित चालक नियन्त्रणमा**

चामलको विल बनाई युरिया मल लोड गरी ल्याउँदै गरेको ना ७ ख ९२४३ नम्बरको ट्रकसहित एक जनालाई वैशाख १३ गते विपद् व्यवस्थापन बेश आदमघाटले नियन्त्रणमा लिएको छ ।

विशेष सूचनाको आधारमा खटिएको सुरक्षा फौजले रुपन्देहीको भैरहवाबाट काठमाडौंतर्फ आउँदै गरेको ट्रकलाई धादिङ जिल्लाको गजुरी गाउँपालिका-६ आदमघाटबाट नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएको व्यक्ति भने ट्रकका चालक रहेका छन् ।

## नं. २६ गण पश्चिम नवलपरासी

**चोरीपैठारीको सामान बरामद**

रामग्राम नगरपालिका-१२ कुनुवारस्थित गोमा बोरा उद्योगबाट वैशाख १ गते करीब ३ लाख ८ हजार रुपैयाँबराबरको चामल बरामद भएको छ । विशेष सूचनाको आधारमा खटिएको प्रस्तावित सीमा सुरक्षा गुल्म हरपुरले उद्योगको कम्पाउण्डभित्र राखेको चामलको बिलबिजक नभएको पाइएपछि बरामद गरेको हो ।

यसैगरी बर्दघाट नगरपालिका-१४ मौराहाटाँडीबाट वैशाख १४ गते करीब ८२ हजार ३ सय रुपैयाँबराबरको प्याज र चिनी बरामद भएको छ । भारतबाट अबैध रुपमा ल्याई लुकाइछिपाइ राखेको भन्ने विशेष सूचनाको आधारमा सुरक्षा बेश सेमरीले ४० वटा बोरामा रहेको १ हजार ९ सय ३६ के.जी. प्याज र ९८ के.जी. चिनी बरामद गरेको हो । बरामद सामान आवश्यक लागि महेशपुर भन्सार कार्यालयमा बुझाइएको छ ।

**नं. २६ गण पश्चिम नवलपरासी र मातहत युनिटहरुले वैशाख महिनामा १६ लाख ९७ हजार ८ सय ९४ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. २७ गण रुपन्देही

**गाँजासहित कन्टेनर र चालक नियन्त्रणमा**

रोहिणी गाउँपालिका-१ स्थित हुलाकी सडकखण्डअन्तर्गत बाईपास इलाकाबाट वैशाख ४ गते २ सय ७२ किलो ३३ ग्राम गाँजासहित एउटा कन्टेनर र चालकलाई नियन्त्रणमा लिइएको छ । नेपालबाट भारततर्फ जाँदै गरेको यूपी ७८ बीटी ८२९७ भारतीय नम्बरको कन्टेनरलाई विशेष सूचनाको आधारमा जाँच गर्दा चालकको सिटमाथि फल्स बटम बनाई लुकाई छिपाई लैजाँदै गरेको गाँजा फेला परेको हो ।

नं. २७ गण रुपन्देहीबाट खटिएको टोलीले गाँजा फेला पारेपछि कन्टेनर र भारत घर भएका ३६ वर्षीय चालकलाई समेत नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका उनलाई बरामद गाँजा र ट्रकसहित आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय भैरहवामा बुझाइएको छ ।

**नं. २७ गण रुपन्देही र मातहत युनिटहरुले वैशाख महिनामा १ करोड ३३ लाख ९४ हजार ८ सय ४५ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. २८ गण कपिलवस्तु

**सामानसहित दुई वटा मोटरसाइकल नियन्त्रणमा**

मायादेवी गाउँपालिका-५ स्थित सिसवाबाट वैशाख १८ गते करीब ६ लाख ३१ हजार रुपैयाँबराबरको इलेक्ट्रोनिक सामानसहित दुई वटा मोटरसाइकल नियन्त्रणमा लिइएको छ ।

यू.पी. ५५ के ३५३१ र यू.पी. ५५ एम ७९३१ नम्बरको मोटरसाइकलमा राखी भारतबाट अबैध रुपले नेपालतर्फ ल्याउँदै गरेको सामान प्रस्तावित सीमा सुरक्षा गुल्म चाकरचौडाले बरामद गरेको हो । बरामद सामान तथा मोटरसाइकल आवश्यक कारवाहीका लागि सुठौली भन्सार कार्यालय कपिलवस्तुमा बुझाइएको छ ।

**नं. २८ गण कपिलवस्तु र मातहत युनिटहरुले वैशाख महिनामा ४७ लाख १५ हजार ९ सय ५२ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ३० बागेश्वरी गण बाँके

**इलेक्ट्रोनिक्स सामानसहित एक जना नियन्त्रणमा**

नेपालगञ्ज उपमहानगरपालिका-१० आदर्शनगरबाट वैशाख ४ गते करीब ४ लाख २७ हजार रुपैयाँबराबरको सामानसहित १ जनालाई नियन्त्रणमा लिइएको छ ।

भारतबाट अबैध रुपले अटो रिक्सामा राखी नेपालतर्फ ल्याउँदै गरेको १ सय ७७ पिस मोबाइलको चार्जरसहित सोही उपमहानगरपालिका-१५ बस्ने ३६ वर्षीय पुरुषलाई प्रस्तावित सीमा सुरक्षा गुल्म जमुनाह बाँकेले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका उनलाई बरामद सामानसहित आवश्यक कारवाहीका लागि नेपालगञ्ज भन्सार कार्यालय जमुनाह बाँकेमा बुझाइएको छ ।

**झ्याउसहित व्यक्ति नियन्त्रण**

नेपालगञ्ज उपमहानगरपलिका-२३ बाट वैशाख ५ गते झ्याउ भन्ने जडिबुटीसहित एक जनालाई नियन्त्रणमा लिइएको छ ।

दुई वटा बलेरो गाडीमा राखी जंगली सिंहपुरवाको बाटो हुँदै नेपालबाट अबैध रुपले भारततर्फ लैजाँदै गरेको १ हजार ५ सय ४९ के.जी. झ्याउसहित भारत घर बताउने ४० वर्षीय पुरुषलाई बिओपी कालाबन्जारले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिएका उनलाई बरामद झ्याउ र गाडीसहित सव-डिभिजन वन कार्यालय बाँकेमा बुझाइएको छ ।

**नं. ३० बागेश्वरी गण बाँके र मातहत युनिटहरुले वैशाख महिनामा १ करोड ९ लाख ११ हजार ८ सय २९ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ३१ गण बर्दिया

**कालो पदार्थसहित एक जना नियन्त्रणमा**

बढैयाताल गाउँपालिका-२ फुटाहा सीमा इलाकाबाट वैशाख ४ गते चरेश जस्तो देखिने कालो पदार्थसहित १ जनालाई नियन्त्रणमा लिइएको छ ।

नेपालबाट भारततर्फ जाँदै गरेका जिल्ला रुकुम पश्चिम सानोभेरी गाउपालिका-५ बस्ने ३४ वर्षीय पुरुषलाई जाँच गर्दा निजले बोकेको दुई वटा झोलाबाट ३९ वटा प्याकेटमा राखिएको २३ किलो चरेश जस्तो देखिने कालो पदार्थसहित बीओपी फुटाहाले नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएको उनलाई थप अनुसन्धानका लागि बरामद चरेश जस्तो देखिने कालो पदार्थसहित नेपाल प्रहरीमा बुझाइएको छ ।

त्यसैगरी गुलरिया नगरपालिका-११ गणेशपुरबाट वैशाख ४ गते करीब ४ ग्राम ब्राउन सुगर जस्तो देखिने खैरो धुलोसहित एक जनलाई नियन्त्रणमा लिइएको हो ।

भारतबाट नेपालतर्फ आउँदै गरेका बर्दिया जिल्लाको मधुवन नगरपालिका-१२ ताराताल बस्ने २२ वर्षीय पुरुषलाई ब्राउन सुगर जस्तो देखिने खैरो धुलोसहित नियन्त्रणमा लिइएको छ । उनलाई बरामद ब्राउनसुगरसहित आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ ।

**नं. ३१ गण बर्दिया र मातहत युनिटहरुले वैशाख महिनामा १९ लाख ४३ हजार ८ सय ९१ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

## नं. ३५ शैलेश्वरी गण कञ्चनपुर

**चोरीपैठारीको सामान बरामद**

भिमदत्त नगरपालिका-११ चौकीसत्तास्थित सीमा ईलाकाबाट बैशाख ४ गते करीव २ लाख ६५ हजार रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद भएको छ ।

भारतबाट अवैध रुपले नेपालतर्फ ल्याउँदै गरेको किराना तथा फेन्सी सामान सुरक्षा बेश मझगाँउ कञ्चनपुरले बरामद गरेको हो । बरामद सामान कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीमा बुझाईएको छ ।

**नं. ३५ शैलेश्वरी गण कञ्चनपुर र मातहत युनिटहरुले वैशाख महिनामा ६३ लाख ७२ हजार ८ सय ३७ रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।**

# कृतिम घटना अभ्यास

## आगलागीबारे जानकारीमूलक प्रस्तुतीकरण तथा डेमोस्ट्रेशन



प्रधान कार्यालय हल्चोकमा आगलागीबाट हुने क्षति न्यूनीकरण तथा नियन्त्रण सम्बन्धी वैशाख २१ गते जानकारीमूलक प्रस्तुतीकरण तथा डेमो प्रदर्शन गरिएको छ । विपद् व्यवस्थापन महाशाखाद्वारा आयोजित डेमो प्रदर्शनमा सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपक अधिकारीले राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुले आगलागी नियन्त्रण गर्ने तरिकाबारे आफ्नो घरपरिवारमा समेत सचेतना फैलाउनुपर्ने बताउनुभयो ।

## विपद् उद्धारसम्बन्धी कृतिम घटना अभ्यास



कास्कीको पोखरा महानगरपालिका-६ बैदामस्थित फेवातालमा वैशाख १७ गते नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीले विपद् उद्धारसम्बन्धी कृतिम घटना अभ्यास गरेको छ । बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कालिदास धौबजीको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा विपद् व्यवस्थापन तालिम प्राप्त सुरक्षा फौजले हावाहुरी, आँधीबेरी तथा चट्याङबाट उत्पन्न हुने विपद् प्रकोपको घटनामा परेकाहरुको उद्धारसम्बन्धी अभ्यास प्रदर्शन गरेका थिए ।

## विपद् उद्धारसम्बन्धी सेमुलेशन



बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिका-२ अघैयास्थित राप्ती नदीमा वैशाख १८ गते बाहिनीस्तरीय विपद् उद्धारसम्बन्धी सेमुलेशन अभ्यास गरिएको छ । लुम्बिनी प्रदेश आन्तरिक मामिला, कानून तथा सञ्चारमन्त्री दिनेश पन्थीको प्रमुख आतिथ्यमा सञ्चालन भएको कार्यक्रममा आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयका सचिव लालबाबु कवारी, कोहलपुर नगरपालिकाका प्रमुख पूर्ण आचार्य नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देहीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक अभिकुमार खत्रीलगायत प्रदेशस्तरीय सुरक्षा निकायका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो । विपद् व्यवस्थापन तालिम प्राप्त नं. ४२ रिजर्भ गण कपिवलस्तुको फौजले विपद् उद्धारसम्बन्धी कृतिम अभ्यास गरेका थिए ।

## चितवनको नारायणी नदीमा सेमुलेशन



नं. ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुरको आयोजनामा चितवन जिल्लाको भरतपुर महानगरपालिका-१ स्थित नारायणी नदीमा वैशाख १३ गते सेमुलेशन अभ्यास सम्पन्न भएको छ । भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपमेयर चित्रसेन अधिकारी, चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, नं. ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक गणेशबहादुर ठाडा मगरलगायत जिल्ला सुरक्षा समिति तथा विभिन्न संघसंस्थाका पदाधिकारी र स्थानीय भद्रभलाद्मीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, नं. १७ गण चितवन, नं. १४ गण मकवानपुर र आश्रित गुल्म धादिङबाट खटिएको गोताखोरसहितको फौजले उद्धार अभ्यास गरेका थिए ।



**नं.७ बैद्यनाथ वाहिनी मुख्यालय कैलालीको आयोजनामा जिल्ला कैलाली लम्कीचुहा नगरपालिका-३ चिसापानीस्थित कर्णाली नदीको किनारामा बदलिदो मनसुनको सुरुवातसँगै हुन सक्ने आगलागी एवं जलप्रेरित प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी कृतिम अभ्यास संचालन ।**



**आगलागी नियन्त्रण सम्बन्धी कृतिम अभ्यास गर्दै नं. ६ गण सप्तरीको सुरक्षा फौज ।**

## औद्योगिक जोखिम नियन्त्रण र प्रतिकार्य अभिमुखीकरण कार्यक्रम




नं.४० रिजर्भ गण पिलुवा बारा र जितपुर सिमरानगर उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा वैशाख २१ गते दुई दिवसीय औद्योगिक जोखिम नियन्त्रण र प्रतिकार्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपेन्द्र शाहको प्रमुख आतिथ्यमा सञ्चालन भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी लगायत विभिन्न उद्योग वाणिज्य संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

नायव महानिरीक्षक शाहले सम्भावित जोखिम मूल्यांकन गरी समयमै आवश्यक तयारी गर्न सकिएमा मात्र ठूला विपद्बाट जोगिन सकिने बताउनुहुँदै विपद् जोखिम न्यूनीकरणको लागि उद्योगमा आबद्ध कर्मचारीहरुलाई समेत औद्योगिक जोखिम नियन्त्रण र प्रतिकार्य अभिमुखीकरण तालिम दिन सकिने बताउनुभयो । नेपाल उद्योग वाणिज्य संघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले आगामी दिनमा मधेश प्रदेशका अन्य जिल्लाहरुमा समेत सशस्त्र प्रहरी बल, नेपालसँग आवश्यक समन्वय गरी यस्ता प्रकृतिका तालिमहरु सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

## हार्दिक श्रद्धाञ्जलि

जन्म
२०३८।१०।१५



स्वर्गारोहण
२०८१।०१।०२

**सशस्त्र प्रहरी सहायक हवल्दार स्व. रमेशराज पन्त**

बोर्डर आउट पोष्ट कञ्चभोजमा कार्यरत सशस्त्र प्रहरी सहायक हवल्दार रमेशराज पन्तको कर्तव्यपालनाको सिलसिलामा असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

जन्म
२०४६।०५।२२



स्वर्गारोहण
२०८१।०१।१५

**सशस्त्र प्रहरी सहायक हवल्दार स्व. नारायण बस्नेत**

नं. ६ गण सप्तरी दरबन्दी भई नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीमा कार्यरत सशस्त्र प्रहरी सहायक हवल्दार नारायण बस्नेतको कर्तव्यपालनाको सिलसिलामा असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

## लेख/रचना/विविध

## सिपाहीको चिट्ठी



सुमी पोखरेल
उदयपुर

बा !
जमाना अघि जस्तो रहेन !
आत्मा झिकिए शब्दका
र खोक्रा अक्षरका थुप्रा छन्
बाँकी ।

देश भन्नु केवल
विश्वमान चित्रमा टाँसिएको
अग्लो होचो भूगोल मात्रै है

न मेरा बा !
अनेकतामा फुलेको लालीगुराँस र
फरक अस्तित्वको चिमाल पनि हो
देश भनेको शिरको टोपी पनि हो
कछाडको धोती पनि त हो ।

आफ्नो जमीनको रक्षा गरेनन् भन्नू बा !
सके लाउनू बाली
नसके भोलि छोराले लाउनेछ
तर सीमानामा बसेर जरुर जोगाउने छु
पुर्खाले रगत सिँचेर सुम्पिएको
एकचोक्टो नासो यो धर्तीको ।

हातमै सुके आशिर्वादको अक्षेता भनी
भो गुनासो नगरे आमा !
राखेर पनि खाली निधार
उमार्नु छ मैले सहिष्णुताको जमरा
ढोलक, दमाहा र च्याब्रु
उस्तै उस्तै आनन्दमा रन्किए
मालसिरी सुसेल्दै ओठले-जरुर आउनेछु एकदिन ।

सपनामा देखैं भन्छ यो सधैं सधैं
आखिर सपना भन्नू केवल भ्रम रहेछ सानुमाया
जुन दिनबाट
सिरानी हालेर सुतियो राइफलको संगिन
हो त्यसै दिनबाट सुरु गरेको हुँ

सपना देख्न-यो देशको समृद्धिको
यदि आएछ भने देशमा समृद्धिको भेल बाढी
जरुर खोज्नू-तिम्रो, मेरो अनि हाम्रो सपना
त्यहीँ कतै अल्झिएको हुनेछ
यो समाज परिवर्तनको कुनै उछालमा ।

बेथितिको भिडले उल्याउँछ यहाँ
अल्मल्याउँछ कहिलेकाहीँ
तिमी जस्तो देख्छौ-त्यस्तै नहुन सक्छ
आँखामा पोतिएको आशंकाको रङ
'बा तिमी सिपाही हौ कि कठपुतली ?'
कहिल्यै नभन्नू छोरा-
भलै हुट्टिट्याऊँको संज्ञा पाउँला म !
एक्लैएक्लै परुँ कर्तव्यको मार्गमा तथापि
आकाश थाम्ने हिम्मत जरुर राख्नेछु ।

बिरानो भयो नभने साथी-
शत्रुको प्रहार थापेर पनि पिठ्युँमा
ओठमा मित्रताको मिठास राख्ने हिम्मत
अभ ऽपनि जीवितै छ यो छातीमा !

प्यारी छोरी !
जब जब बोरा र नालीहरूमा
कुहिरहेका भेटिन्छन्
दुधे बालिकाका बलात्कृत शवहरू
फुटेर निस्किन खोज्छ-धकधक यो छाती
मलाई माफ गर मेरी सानी छोरी
हरचेहरामा देख्छु-तिम्रै अबोध प्रश्नहरू
बाबा !
प्रहरीले त जम्मै अपराधीलाई सजाय दिन्छ है ?
हो नानी !
यसै कारण टाढा छु-म तिम्रो बालापनसँग
ता कि तिमी र तिम्रो वर्ग
निस्फिक्री स्कुल जान सकोस् !

**(२३औं सशस्त्र प्रहरी दिवस २०८० को अवसरमा आयोजित राष्ट्रव्यापी खुल्ला कविता प्रतियोगितामा चौथो)**

## समय डोऱ्याइरहेछ युद्धवीर



रेजिना आपगाईं
म्याङलुङ, तेह्रथुम

प्रश्नहरू नै प्रश्न
गरिरहेछन्
आफ्नै शरीरबाट निकालेर
रेसाहरू,
कसले सिलाइरहेछ
राष्ट्रियताको सियोले
देशका अंग अंग ?
पोखेर आफ्नै पसिना कसले
ओढाइरहेछ
आमाका आङमा निलो पछ्यौरी ?

सेतोपाटीमा मार्करले
ठूला अक्षरमा लेखेर शीर्षक
कसले पढाइरहेछ
यो अबोध युगलाई न्यायको पाठ ?

को रुँघिरहेछ
ऊ ! त्यो पर सिमानाका आँगनमा
सुकिरहेको मृत्तिकाको बिस्कुन ?

कसले धपाइरहेछ
हातमा स्वाधीनताको लठ्ठी लिएर
राष्ट्रभक्षी गिद्धहरू ?

कसका छातीमा गाडिएर
फरफराइरहेछ यो अग्लो ध्वजा ?

कसका आँखामा तैरिएर
फुलिरहेछ समृद्धिको कमल ?

डढेलो सल्किएको शरीर लिएर
को निभाइरहेछ त्यो बस्तीको आगो ?

कसको हो
यो अनकन्टार वनका
काँडाहरूले लुछेको छाला ?
कसको हो
यी पाखाहरूमा पोखिएको
रातो रगत ?

पैताला यतै छाडेर
को दौडियो भर्खरै यो बाटोमा ?

कसको विजयोत्सव मनाइरहेछन्
यी नदीहरू
छाल हानेर बगरमा ?

टिपेर सुनाखरी गुच्छा
कसले पहिराइदियो
संस्कृतिका गलामा सुगन्धित हार ?

कसका घरको बुइँगलमा बास बसेर
भर्खरै आकासिए यी एक जोर परेवा ?

कसले जित्यो मैदानमा
आगो पिएर अमृत ओकल्ने प्रतियोगिता ?

कसले पिसिरहेछ आमाका दु:खहरू
घुमाएर घट्ट
र निकालिरहेछ खुसीका दाना ?

कसले आफ्नै हत्केलाको
पुरानो पात्रो फेरेर भित्र्याइरहेको छ
हृदयको ढोकाभित्र नयाँ वर्ष ?

भर्खरै परेको चट्याङले
चिरेको मुटुको रुख कसको हो ?

भर्खरै झरेका असिनाले छिया छिया पारेको
छातीको पात कसको हो ?
प्रश्नहरूलाई सुनाइदिनू
ऊ ! त्यहाँ पर बाटो बिर्सिएर
अलपत्र परेको समयलाई
जसले हात समातेर डोहोऱ्याइरहेछ,
उचालेर हत्केलामा हिमशैल,
फुलाएर आँखामा लालीगुराँस,
गुनगुनाउँदै ओठले राष्ट्रियताको गीत,
आफ्नै छातीमा पोतेर नवरंग
जो बनाइरहेछ देशको नक्सा,

जसलाई तिमी प्रश्नहरूको
उत्तर बनाउन खोजिरहेछौ
ऊ त्यही युद्धवीर हो ।

**(२३औं सशस्त्र प्रहरी दिवस २०८० को अवसरमा आयोजित राष्ट्रव्यापी खुल्ला कविता प्रतियोगितामा पाँचौ)**

## रक्तदान



**उदयपुर जिल्लाको बेलका नगरपालिका-९ स्थित रामपुर बरगाछीमा रक्तदान गर्दै सुरक्षा बेश रामपुरको सुरक्षा फौज ।**



**इलाम जिल्लाको माई नगरपालिका-४ स्थित शुक्रबारेमा रक्तदान गर्दै सुरक्षा बेश दानाबारीको सुरक्षा फौज ।**



**नं. ३१ गुल्म पूर्वी नवलपरासीको छैटौं स्थापना दिवसको अवसरमा रक्तदान गर्दै गुल्मको सुरक्षा फौज ।**

## मेरो देश



सशस्त्र प्रहरी सहायक हवल्दार
रमेश बिष्ट

४ जात ३६ वर्णको फूलबारी मेरो देश
पूर्वमा मेची पश्चिममा महाकालीसम्म फैलिएको मेरो देश

म जति मांया गर्छु मेरो देशलाई
त्यति नै माया गर्छु आफ्नो बा-आमालाई

मेरो देशको रक्षार्थ छातीमा गोली थापेर पनि
बचाउने छु यसलाई
म देशको रक्षक हुँ

चट्टान बनेर बसेको छु
सजिलै तोड्छु भनेर नसोच
म मरेर भए पनि मेरो देशलाई बचाउँछु
देशकै लागि मर्ने छु ।

मेरो देशलाई जोगाउन रगत पसिना बगाउछु
मेरो सोच भागेर जिउँदो हुनु भन्दा लडेर मर्नु बेस
मलाई प्यारो लाग्छ मेरो देश ।

## योद्धा



सशस्त्र प्रहरी जवान
कुसुम थारु

योद्धासँग सपना हुन्छ लक्ष्य हुन्छ ।
जो भुईंचालोमा पनि स्थिर हुन्छ ॥

योद्धासँग सोचेको एउटा दियो हुन्छ ।
जो आँधीमा पनि बलेको हुन्छ ॥
आजसम्म पनि योद्धाले बालेको दियो ।
निभाउने हुरी कहिले चलेको छ ॥
आजसम्म योद्धाले देखेको सपना ।
चर्काउने भूकम्प कहिले आएको छ ॥
योद्धा आफ्नो निम्ति बाँचेको हुन्छ ।
त्यसैले त युगले उसलाई सलामी दिन्छ ॥

योद्धा देशको निम्ति लडेको हुन्छ ।
त्यसैले त उसको पछाडि मान्छे हुन्छ ॥
ऊ एउटा शास्वत् सत्य मान्छे जन्मेपछि मर्छ ।
सत्य हो योद्धाले पनि एक दिन मृत्यु ग्रहण गर्नु पर्छ ॥

योद्धा र मान्छेको मृत्युमा समय स्तब्ध हुन्छ ।
नि:शब्द हुन्छन् ती मनहरु र बाँचेकाहरु आँशुका
दहमा डुब्छन् ॥

### समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पक्राउ, बरामद, उद्धार
तथा अन्य सामाग्री पठाउन
स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा
**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

**प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** **प्रकाशन समिति:** सप्रउ मेखराज जोशी (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ, सप्रनि दिपेन्द्र खरेल
कम्प्यूटर लेआउट: सप्रबह मनोज कुँवर, फोटोग्राफी: सप्रबह भिमबहादुर श्रेष्ठ, कम्प्यूटर अपरेटर: सप्रसह मिनबहादुर हौजाली मगर **सम्पर्क नं. ०१-५२४९००६, ईमेल** : infosec.secretariat@gmail.com